गण्डकी प्रदेश सरकार

# गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

पत्र संख्याः २०८१/०८२

चलानी नं. ३९२

मितिः-२०८१/१०/२९

## प्रदेश विकास पत्रिकाको लागि लेख रचना उपलब्ध गराउने सूचना ।

गण्डकी प्रदेश नीति तथा योजना आयोगबाट आर्थिक बर्ष २०८१/०८२ मा प्रकाशित हुने पहिलो अङ्क **"प्रदेश विकास पत्रिका"** का लागि देहायमा उल्लेखित विषयक्षेत्र तथा ढाँचामा २ हजारदेखि ५ हजार शब्दसम्मको विचारमूलक तथा अनुसन्धानमूलक/तथ्यमूलक लेख/रचनाहरू २०८१ साल फागुन २७ गतेभित्र यस आयोगको प्रशासन शाखामा वा सोको विद्युतीय प्रति pppcgandaki@gmail.com मा उपलब्ध गराइदिनुहुन इच्छुक सबैमा अनुरोध गरिन्छ।

१. प्राथमिकताको विषय क्षेत्रः (१) पत्रिकामा प्रकाशन हुने लेख रचनाका प्राथमिकताको विषय क्षेत्र देहायबमोजिम हुनेछः

(क) शासन प्रणाली,

(ख) सार्वजनिक प्रशासन तथा सार्वजनिक व्यवस्थापन,

(ग) प्रदेश र स्थानीय तहहरूको असल अभ्यास,

(घ) दिगो विकास लक्ष्यको स्थानीयकरण,

(ङ) सफल र उदाहरणीय व्यावसायिक गतिविधि,

(च) सार्वजनिक नीति तथा विकास नीति,

(छ) विकास प्रशासन तथा व्यवस्थापन,

(ज) आर्थिक तथा सामाजिक विकास,

(झ) संघ प्रदेश र स्थानीय तह अन्तरसम्बन्ध,

(ञ) शासकीय साझेदारी तथा सुधार,

(ट) सार्वजनिक प्रशासनमा सदाचार, शिष्टाचार र सकारात्मक सोच,

(ठ) सुशासन र सार्वजनिक सेवा प्रवाह,

(ड) समसामयिक मामिला सँग सम्बन्धित अन्य विषयहरू।

२. लेख रचनाको ढाँचाः (१) पत्रिकामा प्रकाशन गरिने लेख रचनाको ढाँचा देहायबमोजिम हुनेछः

(क) विचारमूलक लेख/रचनाको ढाँचा

(१) शीर्षक (Heading)

(२) लेखसार (Abstract) (१५० शब्दसम्म)

(३) पृष्ठभूमि (Background)

 फोनः- ०६१-४५४८४१, ईमेलः- pppcgandaki@gmail.com, Website:- ppc.gandaki.gov.np

(४) विश्लेषणात्मक प्रस्तुति (Analysis)
(५) निष्कर्ष (Conclusion)
(६) सन्दर्भ सामग्री (References)।

(ख) <u>अनुसन्धानमूलक/तथ्यमूलक लेख/रचनाको ढाँचा</u>

१) शीर्षक (Title)
२) लेखसार (Abstract)
३) पृष्ठभूमि (Background)
४) अध्ययनको उद्देश्य (Objective of the Study)
५) साहित्यको पुनरावलोकन (Literature Review)
६) अध्ययन विधि (Methodology)
७) तथ्याङ्क विश्लेषण (Data Analysis)
८) प्रासि र विश्लेषण (Findings and Discussion)
९) निष्कर्ष (Conclusion)
१०) कृतज्ञता (Acknowledgment)
११) सन्दर्भ सामग्री (References)

३. अन्य विषयहरू

- प्रदेश विकास पत्रिकामा आर्थिक, सामाजिक, भौतिक पूर्वाधार तथा विकास सम्बन्धी समसामयिक विषयका नीति, योजना, कार्यक्रम एवम् आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनसँग सम्बद्ध **मौलिक, खोजमूलक, अनुसन्धानमूलक विषय समावेश भएका लेख रचनालाई प्राथमिकता दिइनेछ।**
- लेखकको सङ्क्षिप्त परिचय, इमेल र मोबाइल नम्बर उपलब्ध गराउनु पर्नेछ ।
- प्रकाशनका लागि पठाइने लेख रचनामा सन्दर्भ सामग्रीका रूपमा उल्लेख गरिएका कृतिको तत्काल प्रचलित एपीए ढाँचा (APA 7ª Edition) मा उल्लेख गर्नुपर्नेछ ।
- लेख/रचना नेपाली भाषामा भए कालीमाटी फन्ट (१२) तथा अङ्ग्रेजी भाषामा भए Times New Roman फन्ट (१०) मा हुनुपर्नेछ तथा पृष्ठको सबैतर्फ १ इन्च मार्जिन छोडेको हुनुपर्नेछ।
- नेपाली भाषाका लेख रचनाका लेखकले लेख शीर्षक (Heading) तथा शब्दकुञ्जी (Keywords) अङ्ग्रेजी भाषामा समेत अनुवाद गरी पठाउनुपर्नेछ।
- भाषिक तथा व्याकरणीय शुद्धता कायम गर्नुपर्नेछ।
- अंग्रेजी भाषामा लेखिएका लेखहरुमा अमेरिकन वा ब्रिटिश (American or British) मध्ये कुनै एक शैली अपनाउनुपर्नेछ।

 फोनः- ०६१-४५४८४१, ईमेलः- pppcgandaki@gmail.com, Website:- ppc.gandaki.gov.np

गण्डकी प्रदेश सरकार
गण्डकी प्रदेश नीति तथा योजना आयोग
पोखरा, नेपाल

- लेख/रचनामा प्रस्तुत गरिएका चित्र, टेवल, तालिका आदि सम्पादन (Edit) गर्न सकिने हुनुपर्नेछ।
- लेखक तथा सहलेखकको नाम, ठेगाना, मोबाइल नम्बर, इमेल र आबद्ध संस्था भएमा सोको नाम र पद खुलाउनुपर्नेछ।
- कुनै संस्था वा व्यक्तिको कुनै प्रकारको सहयोग (आर्थिक, प्राविधिक वा अन्य) बाट अनुसन्धान कार्य गरेको भए सहयोगकर्ता वा दातालाई लेखको अन्त्यमा कृतज्ञता ज्ञापन गरेको हुनुपर्नेछ।
- पत्रिकामा प्रकाशनार्थ प्राप्त लेख रचनाहरू स्वीकार गर्ने वा नगर्ने अधिकार सम्पादक समितिमा रहनेछ ।
- प्रदेश विकास पत्रिकामा प्रकाशनको लागि पठाइएका लेख रचनाहरू अन्यत्र प्रकाशन गर्नु परेमा प्रकाशकको पूर्व स्वीकृति लिनुपर्नेछ ।
- लेखकलाइ गण्डकी प्रदेशको खर्चको मापदण्ड, २०७९ अनुसार पारिश्रमिक उपलब्ध गराइनेछ।

माथि उल्लेखित विवरण अनुसारको अंग पूरा नगरी आएका लेखहरु प्रकाशन गर्न सम्पादक समिति बाध्य हुने छैन।

गण्डकी प्रदेश नीति तथा योजना आयोग
पोखरा नेपाल।
फोन नं.: ०६१-४५२५९४, ०६१-४५११८८(प्रशासन),
९८५६०५१०१८(सूचना अधिकारी), ९८५६०५१०२१(सचिव)

२०७९।१०।२१